# सुदूरपश्चिम प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशभित्र जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजत पत्र दिने, नवीकरण गर्ने र सो कार्यको अनुगमन गर्ने जस्ता कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन,२०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ ।

(ख) "जीवनाशक विषादी" भन्नाले बोट बिरुवा, कृषिजन्य पदार्थ र वन तथा वन पैदावार, जीव, पशुपन्छी, मानव स्वास्थ्य, भण्डारण, प्याकेजिङ्ग र निर्माण कार्यमा हानि पुऱ्याउने रोग, कीरा, सुलसुले, निमाटोड, झारपात, मुसा लगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वनस्पति, जैविक तथा रासायनिक वस्तु सम्झनु पर्छ र सो शब्दले देहायका वस्तुलाई समेत जनाउँछः-

(१) हानिकारक जीवहरूको शिकार गरेर, परभक्षी बनेर, परजीवी बनेर, रोग लगाएर सोको वृद्धि कम गराउने जैविक घटक तथा त्यस्ता जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने वस्तु (एट्र्याक्टयान्ट, रिपेलेन्ट, डिररेन्ट,फेरोमोन्स)

(२) हानिकारक जीवहरूको नियमित वृद्धि र प्रजनन कार्यमा असर पर्ने वस्तु (इन्सेक्ट ग्रोथ रेगुलेटर, इन्हिवीटर)

(३) हानिकारक वनस्पतिको वृद्धि नियन्त्रण गर्ने वस्तु (ग्रोथ प्लान्ट, ग्रोथ इन्हिवीटर),

(४) पात पतिङ्गर झार्ने वस्तु (डिफोलियन्ट),

(५) ओसिलोपन कम गर्ने तथा सुकाउने वस्तु (डेसिकेन्ट),

(६) फलफूल संख्या पतल्याउने वस्तु (थिनिङ एजेन्ट),

(७) समय नपुग्दै फलफूल झर्ने लगायतका समस्याको नियन्त्रण गर्ने वस्तु,

(८) कृषि बाली तथा कृषिजन्य पदार्थ उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने वस्तु (डिसइन्फेक्ट्ण्ट)

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) “निरीक्षक” भन्नाले दफा ११ बमोजिम नियुक्त जीवनाशक विषादी निरीक्षक सम्झनु पर्छ।

(ङ) "प्रयोगशाला" भन्नाले मन्त्रालय मातहतको बाली संरक्षण प्रयोगशाला सम्झनु पर्छ ।

(च) “प्रतिबन्धित जीवनाशक विषादी” भन्नाले मानव स्वास्थ्य, पशु स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर गर्ने विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, पञ्जीकरण, बिक्रि, वितरण वा प्रयोगमा प्रतिबन्ध लगाइएको विषादी सम्झनु पर्छ ।

(छ) “मन्त्रालय” भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ६ बमोजिको प्रदेश जीवनाशक विषादी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(झ) “सूचीकृत विषादी” भन्नाले संघीय ऐन बमोजिम नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर तोकेको विषादी सम्झनु पर्छ।

(ञ) "सङ्घीय ऐन" भन्नाले जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ सम्झनु पर्छ ।

(ट) "सङ्घीय नियमावली" भन्नाले जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ सम्झनुपर्छ।

(ठ) "सङ्घीय मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## जीवनाशक विषादीको पञ्जीकरण र इजाजतपत्र सम्बन्धी व्यवस्था

३. **जीवनाशक विषादीको पञ्जीकरण गराउनु पर्नेः** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै जीवनाशक विषादी तथा त्यस्तो विषादीको सक्रिय तत्त्व समेतको उत्पादन, संश्लेषण, निकासी, पैठारी, व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्नपूर्व पञ्जीकरण संघीय ऐन बमोजिम गराउनु पर्नेछ।

(२) पञ्जीकरण वा पुनः पञ्जीकरण गरिएका जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, ओसारपसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्न इजाजतपत्र लिने र नविकरण सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ ।

४. **इजाजतपत्र लिनु पर्ने:** (१) पञ्जीकरण वा पुनःपञ्जीकरण गरिएका जीवनाशक विषादीको बिक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग तथा जीवनाशक विषादी छर्कने व्यवसाय गर्न चाहने व्यक्ति, संस्था वा निकायले समितिको निर्णय बमोजिम प्रयोगशालाबाट इजाजतपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायले तोकिए बमोजिमको विवरण र ढाँचामा कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्ष निवेदन दिनु पर्नेछ र कार्यालयमा प्राप्त निवेदन तोकिएको समयभित्र प्रयोगशालामा पठाउनु पर्नेछ।

(३) निवेदन उपर समितिले आवश्यक जाँचबुझ गरी तोकिएको योग्यता पूरा भएका व्यक्ति, संस्था वा निकायलाई तोकिएको ढाँचामा प्रयोगशालाले इजाजतपत्र दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम इजाजतपत्र नलिई कुनै पनि व्यक्ति, संस्था वा निकायले जीवनाशक विषादीको बिक्रीवितरण, भण्डारण तथा व्यावसायिक प्रयोग गर्न गराउनु हुँदैन।

(५) उपदफा (१) बमोजिम दिइने इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(६) उपदफा (५) बमोजिमको अवधि समाप्त हुनुभन्दा पैंतीस दिन अगावै तोकिएको दस्तुर सहित सम्बन्धित इजाजतपत्रवालाले नवीकरणको लागि कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ र कार्यालयमा प्राप्त निवेदन तोकिएको समयभित्र प्रयोगशालामा पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र निवेदन दिन नसक्ने इजाजतपत्रवालाले उपदफा (५) बमोजिमको अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र दोब्बर दस्तुर सहित इजाजतपत्रको नवीकरणका लागि कार्यालय मार्फत् वा सिधै प्रयोगशाला समक्ष निवेदन दिन सक्नेछ।

(८) उपदफा (६) र (७) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रयोगशालाले इजाजतपत्रको म्याद समाप्त भएको मितिदेखि थप तीन वर्षको लागि इजाजतपत्रको नवीकरण गर्न सक्नेछ।

(९) यस दफा बमोजिम नवीकरण नगराउने इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ।

(१०) उपदफा (१) बमोजिम इजाजतपत्र सम्बन्धी शर्त, प्रक्रिया, इजाजतपत्र लिन चाहने व्यक्ति, संस्था वा निकायको योग्यता र इजाजतपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **इजाजतपत्र खारेज गर्न सकिने:** (१) कुनै इजाजपत्रवालाले इजाजतपत्र प्रदान गर्दा तोकिएको शर्तको उल्लङ्घन गरेमा समितिले जुनसुकै समयमा त्यस्तो इजाजतपत्र खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नुअघि समितिले सम्बन्धित इजाजतपत्रवालालाई पन्ध्र दिनको समय दिई इजाजतपत्र खारेज गर्नु नपर्ने कुनै मनासिब कारण भए पेश गर्नका लागि उचित मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र खारेज हुन नपर्ने कुनै कारण पेश भएमा वा सो समयभित्र कुनै जानकारी प्राप्त हुन नआएमा प्रयोगशालाले पन्ध्र दिनभित्रमा इजाजतपत्र खारेज सम्बन्धमा आवश्यक निर्णय गरी सोको जानकारी सम्बन्धित इजाजतपत्रवालालाई दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम इजाजतपत्र खारेजीको प्रारम्भ भई उपदफा (३) बमोजिमको निर्णय नभएसम्मको अवधिमा उक्त इजाजतपत्र स्वतः निलम्बन भएको मानिनेछ।

## परिच्छेद-३

## प्रदेश समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **प्रदेश जीवनाशक विषादी व्यवस्थापन समितिः** (१) प्रदेशभित्र जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजत पत्र दिने, नवीकरण गर्ने र सो कार्यको अनुगमन गर्ने, मन्त्रालयबाट तोकिएको मापदण्ड पालना गर्न लगाउने लगायतका विषादी सम्बन्धी कार्य गर्नका लागि प्रदेशमा एक जीवनाशक विषादी व्यवस्थापन समिति रहनेछ।

(२) समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | प्रदेश सचिव ,मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रमुख, कृषि विकास निर्देशनालय | -सदस्य |
| (ग) | प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | -सदस्य |
| (घ) | प्रमुख, वातावरण सम्बन्धी विषय हर्ने महाशाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (ङ) | प्रमुख, जनस्वास्थ्य सम्बन्धी विषय हेर्ने महाशाखा, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (च) | प्रमुख, कृषि अनुसन्धान निर्देशनालय | -सदस्य |
| (छ) | प्रमुख, योजना तथा अनुगमन महाशाखा,मन्त्रालय | -सदस्य |
| (ज) | प्रमुख,कानून तथा फैसला कार्यान्वयन शाखा,मन्त्रालय | -सदस्य |
| (झ) | प्रमुख, प्रयोगशाला | -सदस्य-सचिव |

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. **समितिको बैठक र निर्णय**: (१) समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय अभिलेख (माइनुट) अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **समितिको काम, कर्तव्य र अधिकार**: (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जीवनाशक विषादी सम्बन्धी नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष पेश गर्ने,

(ख) जैविक, वनस्पतिजन्य तथा सुरक्षित रासायनिक विषादी उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ग) मानव, पशुपन्छी, जीवजन्तुको स्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर पार्ने जीवनाशक विषादीलाई प्रतिबन्ध लगाउन संघीय कृषि हेर्ने मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) प्रदेशभित्र जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजत पत्र दिने, नवीकरण गर्ने र खारेज गर्ने,

(ङ) निरीक्षक वा प्रयोगशालाले गरेको निर्णय विरुद्धको उजूरी सुन्ने,

(च) जीवनाशक विषादी व्यवस्थापन सम्बन्धी मापदण्डहरू स्वीकृत गरी लागू गर्ने, गराउने,

(छ) प्रयोगशाला तथा कार्यालयलाई आवश्यकताक अनुसार अधिकार प्रत्यायोजन गर्ने,

(ज) जीवनाशक विषादीको प्रयोगको लागि तोकिए बमोजिमका पूर्वाधार तयार गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।

(२) समितिले जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, कार्यलाई सहज एवं सूचारु रूपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि सो उपसमिति गठन गर्दा समितिले तोके बमोजिम हुनेछ।

९. **<u>समितिको सचिवालय</u>**: (१) प्रयोगशालाले समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

(२) प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>जीवनाशक विषादीको प्रयोग र व्यवस्थापन</u>

१०. **<u>जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन:</u>** जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन संघीय ऐन बमोजिम हुनेछ ।

११. **<u>निरीक्षक नियुक्त गर्ने:</u>** (१) मन्त्रालयले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेका प्रदेश कृषि सेवा, बाली संरक्षणको क्षेत्रमा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि जीवनाशक विषादी निरीक्षकको रुपमा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरीक्षक उपलब्ध नभएमा मन्त्रालयले कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेका अन्य अधिकृतलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षक नियुक्त गरेको जानकारी संघीय मन्त्रालयलाई दिनु पर्नेछ ।

१२. **निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियमको पालना भए नभएको विषयमा अनुगमन गरी समितिमा सिफारिस गर्ने,

(ख) प्रदेशभित्र जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने स्थानमा प्रवेश गरी आवधिक वा आकस्मिक रुपमा निरीक्षण गरी समितिमा सिफारिस सहित प्रतिवेदन पेश गर्ने,

(ग) अनुगमनको क्रममा मिसावट गरिएको वा कम गुणस्तरको जीवनाशक विषादी भेटिएमा त्यस्तो विषादीको बिक्री वितरण रोक्का राख्ने वा वितरण कक्षमा सिलबन्दी गर्ने,

(घ) कुनै व्यक्ति, संस्था वा निकायमा रहेका जीवनाशक विषादीसँग सम्बन्धित प्रमाणपत्र, इजाजतपत्र, अभिलेख लगायतका कागजात तथा प्रमाणको अध्ययन विश्लेषण गर्ने,

(ङ) तोकिए बमोजिमको प्रक्रिया अपनाई जीवनाशक विषादी तथा बाली वस्तुको नमूना सङ्कलन र विश्लेषण गर्ने, गराउने,

(च) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियमको उलङ्घन भएको शंका लागेमा सोको अनुसन्धान गर्ने, गराउने र सो सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(छ) खण्ड (च) बमोजिम अनुसन्धान गर्दा ऐन तथा नियमावलीको उल्लंघन भएको पाइएमा त्यस्तो कार्यमा प्रयोग भएको उपकरण, जीवनाशक विषादी, अभिलेख, कागजपत्र वा अन्य सम्बन्धित सामग्री जफत गरी सम्बन्धित उल्लङ्घनकर्ता व्यक्तिलाई जफतको भरपाई दिने,

(ज) खण्ड (छ) बमोजिम जफत गरिएका जीवनाशक विषादीको सुरक्षित तवरले भण्डारण गर्ने व्यवस्था मिलाउने,

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) दफा ११ को उपदफा (१) बमोजिम नियुक्त निरीक्षकले आफुले सम्पादन गरेका कामको चौमासिक प्रतिवेदन मन्त्रालय र समिति समक्ष पेश गर्नु पर्नेछ ।

१३. **प्रयोगशालाको स्थापना:** जीवनाशक विषादीको गुणस्तर तथा अनुसन्धानात्मक परीक्षण लगायतको कार्य बाली संरक्षण प्रयोगशालाबाट गरिनेछ ।

१४. **नमूना सङ्कलन गर्ने:** (१) प्रयोगशालाले जीवनाशक विषादीको गुणस्तर परीक्षण गर्ने प्रयोजनको लागि नमूना सङ्कलन गर्नु पर्नेछ ।

(२) जीवनाशक विषादीको नमूना सङ्कलन र विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. **पञ्जीकरण नगरिएका तथा प्रतिबन्धित जीवनाशक विषादीको प्रचार प्रसार गर्न नहुने:** कुनै व्यक्ति, संस्था वा निकायले पञ्जीकरण नगरिएको तथा प्रतिबन्धित जीवनाशक विषादीका बारेमा गलत भ्रामक विवरण उल्लेख गर्न तथा कुनै अर्को जीवनाशक विषादीसँग भ्रम पर्ने तथा झुक्याउने नियतले प्रचार प्रसार गर्नु

हुँदैन ।

१६. **विषादी विसर्जन गर्ने:** जिवनाशक विषादीको विसर्जन गर्ने सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ ।

१७. **अभिलेख राख्नु पर्ने:** (१) प्रयोगशालाले प्रदेशभित्र जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने व्यवसायीलाई इजाजत पत्र दिने, नवीकरण गर्नेको अन्य विवरण सहितको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारोवार गर्दा राखिएको अभिलेख निरीक्षक वा समितिले माग गरेमा त्यस्तो अभिलेख तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(३) जीवनाशक विषादीको अभिलेख राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **आचार संहिता बनाउन सक्ने:** प्रदेशभित्रका जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोगकर्ता र थोक तथा खुद्रा बिक्रेताले पालना गर्नु पर्ने आचार संहिता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## सजाय तथा क्षतिपूर्ति

१९. **सजाय सम्बन्धी व्यवस्था:** कसैले देहाय बमोजिमका कुनै कार्य गरे गराएमा निरिक्षकले दफा २० बमोजिम तत्काल जरिवाना गर्न सक्नेछ:-

(क) दफा ३ विपरीत पञ्जीकरण नगरिएका जीवनाशक विषादी व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, छर्कने व्यवसाय, प्याकिङ्ग, पुनः प्याकिङ्ग वा विसर्जन गरेमा,

(ख) दफा ४ विपरीत इजाजतपत्र नलिई जीवनाशक विषादी सम्बन्धी कारोवार गरेमा,

(ग) जीवनाशक विषादीको अवशेष तोकिएको हदभन्दा बढी मात्रा हुने गरी कृषि उत्पादन तथा विक्री वितरण गरेमा वा गुणस्तरहीन विषादी बिक्री वितरण गरेमा,

(घ) विषादीको जथाभावी प्रयोग गरेमा,

(ङ) दफा २ को खण्ड(च) बमोजिम प्रतिबन्धित जीवनाशक विषादीको व्यावसायिक प्रयोग, भण्डारण, बिक्री वितरण, ओसारपसार, छर्कने व्यवसाय, प्याकिङ्ग, पुनः प्याकिङ्ग वा विसर्जन सम्बन्धी प्रचलित मापदण्ड विपरीत कार्य गरे, गराएमा,

(च) म्याद नाघेका जीवनाशक विषादी बेचबिखन गरेमा,

(छ) मापदण्ड पूरा नभएको वा नक्कली जीवनाशक विषादीको प्रयोग वा कारोवार गरेमा,

(ज) जीवनाशक विषादी व्यवस्थापनमा अवरोध पुऱ्याएमा,

(झ) वातावरणीय प्रदूषण हुने गरी जीवनाशक विषादीको प्रयोग गरेमा,

(ञ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड विपरीत हुने गरी अन्य कुनै काम गरे, गराएमा।

२०. **जरिवाना**: दफा १९ बमोजिमको कुनै कार्य गरे गराएमा देहाय बमोजिम तत्काल जरिबाना हुनेछः-

(क) खण्ड (क) बमोजिमको कुनै कसूर गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख) बमोजिमको कुनै कसूर गरेमा दश हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ग) बमोजिमको कसूर गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (घ) बमोजिम कसूर गरेमा पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना,

(ङ) खण्ड (ङ) बमोजिम कसूर गरेमा पचास हजारदेखि दुई लाख रुपैयाँसम्म जरिबाना,

(च) खण्ड (च), (छ), (ज), (झ) र (ञ) बमोजिम कसूर गरेमा पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म जरीवाना।

(२) उपदफा (२) बमोजिमको जरिवाना रकम निरीक्षकले प्रदेश सञ्चित कोषमा दाखिला गर्न लगाई अभिलेख राख्नु पर्नेछ।

२१. **पुनरावेदन गर्न सक्ने:** निरीक्षकले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले उक्त निर्णय भएको मितिले पैंतिस दिनभित्र समिति समक्ष पुनरावेदन गर्न सक्नेछ।

२२. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था**: प्रदेशभित्र जीवनाशक विषादीको विक्री वितरण, भण्डारण, व्यवसायिक प्रयोग र विषादी छर्कने क्रममा कुनै दुर्घटना भएमा सम्बन्धित इजाजतपत्रप्राप्त व्यक्ति, संस्था वा निकायले पीडितलाई तोकिए बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ।

तर दफा १९ बमोजिमको कसूर गरेको मानिने कार्य गरेको कारणबाट कुनै प्रकारको क्षति पुग्न गएको अवस्थामा क्षतिपूर्ति दिइने छैन।

(२) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## विविध

२३. **अनुगमन सम्बन्धी व्यवस्था:** (१) जीवनाशक विषादी सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन गर्ने जिम्मेवारी समिति र सचिवालयको हुनेछ। आवश्यकतानुसार मन्त्रालय र कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्रले समेत अनुगमन गर्न सक्नेछ ।

(२) समितिले प्रदेशमा रहेका जीवनाशक विषादी सम्बन्धी काम कारबाहीको अनुगमन गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

२४. **सहयोग गर्नु पर्नेः** (१) निरीक्षकले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सुरक्षा लगायतका कुनै सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय प्रशासनसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षकले सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

२५. **सङ्घीय ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्यमा सङ्घीय ऐन बमोजिम हुनेछ।

२६. **विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेः** रासायनिक विषादीको प्रयोगबाट वातावरण तथा मानव, पशुपन्छी, जलचर, बिरुवा लगायतका स्वास्थ्यमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न मन्त्रालय र मातहतका निकायले विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

२७. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२८. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमको अधीनमा रही आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।